**२०७८ साल असार २९ गते मंगलवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** रुपन्देही जिल्लाको जिल्ला सभा तथा जिल्ला समन्वय समितिको "जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७८" मा सहमति प्रदान गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः**"प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक" प्रदेश सभा समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश सरकारको निजामती सेवा अन्तर्गत प्रशासन सेवा र वन सेवाका रिक्त पदहरुमा स्थायी पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउन स्वीकृति प्रदान गर्ने ।

४. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश तथ्याङ्क नियमावली, २०७८ स्वीकृत गर्ने ।

६. **आर्थिक मामिला तथा योजना मन्त्रालयः**प्रदेश घरजग्गा न्यूनतम मूल्य निर्धारण नियमावली, २०७८ स्वीकृत गर्ने सम्बन्धमा "मन्त्रिपरिषद् आर्थिक सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पुनः पेश गर्ने।"

७. **भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयः** कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी अवधारणा पत्र स्वीकृत गर्ने ।

८. **भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश राजपत्रमा शुल्क तथा दररेट प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने ।

९. **भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश सहकारी विकास बोर्डको उपाध्यक्षमा दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा न.१५ निवासी शम्भू प्रसाद गौतमलाई नियुक्त गर्ने ।

१०. मन्त्रिपरिषद् समितिका राजनैतिक समिति,प्रशासन तथा विधेयक समिति,आर्थिक सामाजिक तथा पूर्वाधार समितिहरुमा पुनर्गठन गर्ने ।